सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.स. २०८२/०८३

च .नं.

कोशी प्रदेश, नेपाल

## व्यवसाय दर्ता,नविकरण तथा कर/राजश्व जम्मा गर्ने सम्बन्धी जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३।०१।०९

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्यवसाय कर, वहालकर लगायतका कर स्थानीय तहले लिन सक्ने कानूनी व्यवस्था रहेको छ । कम्पनी रजिस्ट्रार, घरेलु कार्यालय र नगरपालिकामा दर्ता गरेका वा नगरी विभिन्न निर्माण जन्य कम्पनी, उद्योग तथा उत्पादक कम्पनी, कृषी तथा पशु फर्म, हार्डवेयर, होटल,रेष्टुरेन्ट, लज, होस्टल, मदिरा व्यवसाय, कोल्ड स्टोर, चिया तथा खाजा पसल, फलफुल तथा तरकारी पसल, सुनचाँदी पसल, स्टेसनरी, सप्लायर्स, परामर्शदाता कम्पनी, सैलुन, ट्रेडर्स, बैंक तथा वित्तीय संस्था,लघुवित्त, सहकारी, मनि ट्रान्सफर, सुपरमार्केट, फर्निचर उद्योग, पार्लर, सर्भिसिङ सेन्टर, इन्टरनेट सेवा प्रदायक संस्था, स्वास्थय सेवा, संचार सेवा, निजि शिक्षा सेवा, कानून व्यवसायी, पर्यटन सेवा, लेखापरीक्षण सेवा लगायत यस्तै प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले व्यवसाय दर्ता वा नविकरण गर्न देहायका विवरण र कागजात संलग्न गरी नगरपालिकाको कार्यालयमा निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो दोस्रो पटक सूचना प्रकाशन गरिएको छ । नगरपालिकाको क्षेत्रभित्र रहेका व्यापारीक व्यवसायी, सेवा तथा वस्तु उत्पादक सबैले नगरपालिकामा नियमानुसार आफ्नो व्यवसाय दर्ता र नविकरण गर्नु अनिवार्य रहेको छ ।

सुनवर्षी नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-३ पछाडीको नोट खण्डको ७) मा "कर वक्यौतामा पहिलो एक वर्षको लागि १५%, दोस्रो वर्षको लागि २५% र यस भन्दा बढी अवधिको ४०% जरिवाना लाग्नेछ" भन्ने व्यवस्था रहेको हुँदा यथाशिघ्र व्यवसाय दर्ता र नविकरण गरी जरीवानावाट बच्न समेत अनुरोध गरिन्छ ।

सुनवर्षी नगरपालिका मार्फत ठेक्का आव्हान भै सम्झौता भएका हाट गुद्री, माछा खाडिको ठेक्का, सटरहरुको भाडा समेतको नियमित कर दाखिला गरेको नपाइएकोले यथाशिघ्र रकम जम्मा गर्न/गराउन हुन समेत अनुरोध छ ।अन्यथा, नियमानुसार भै जाने व्यहोरा जानकारी गराइन्छ ।

युवराज कोइराला
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकिय अधिकृत

"कृषि स्वास्थ्य र दिगो पुर्वाधारः सम्वृद्ध सुनवर्षीको ,शिक्षा ,आधार"

फोनः०२३ (नगरप्रमुख)433025-०२११ (नगर उपप्रमुख)433026-वेबसाइटः www.sunawarshimun.gov.np इमेलः sunbarsimun@gmail.com

CamScanner